श्री

# प्यूठान जिल्ला अदालत, खलंगा

## बोलपत्र आव्हानको सूचना

( **प्रथम पटक प्रकाशित मितिः२०७३।१२।२२ ( 2017/04/04 AD )**

यस अदालतबाट तपसिल बमोजिमको कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले ईजाजत प्राप्त योग्य बोलपत्रदाताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्रको सूचना प्रकासित भएको मितिले तपसिल बमोजिमको म्याद भित्र तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नविकरण भएको इजाजत पत्र, मु.अ.कर तथा स्थायी लेखा दर्ता प्रमाण-पत्र र आ.व. ०७२/०७३ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई बोलपत्रदाताले यस प्यूठान जिल्ला अदालतमा समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिने छ । बोलपत्रदाताले बोलपत्र सम्बन्धि कागजात मा उल्लेख भए बमोजिम का योग्यताका आधार पूरा गरेको हुनु पर्ने छ ।

२) खरिद भएको बोलपत्र प्रष्टसंग भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी, सिलवन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना र खरीद नं. तथा कामको नाम प्रष्टसंग लेखि तपसिल बमोजिमको बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिनको १२.०० बजे भित्र यस जिल्ला अदालत, प्यूठान मा दर्ता गराउनु पर्ने छ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यस प्यूठान जिल्ला अदालतमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४) बोलपत्रको मान्य हुने अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी ९० दिनको हुनेछ र बोलपत्र साथ धरौटी बापत तपसिलमा उल्लेखित रकम यस प्यूठान जिल्ला अदालतको कार्यालय कोड नं ०५९/२०४/०१ उल्लेख गरी को.ले.नि.का. प्यूठान को नेपाल बैंक लिमिटेड प्यूठान शाखामा रहेको एकल धरौटी खाता नं ०५२०२०००००३०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस प्यूठान जिल्ला अदालतको नाममा क वर्गको वाणिज्य बैंक द्वारा जारि गरिएको बोलपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढि मान्य अवधि भएको बिडवण्ड पेश गर्नुपर्ने छ ।

५) बोलपत्र शर्त रहित, यस अदालतले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ । केरमेट भएको ठाउंमा अधिकार प्राप्त व्यक्तिले सही गरेको हुनु पर्ने छ ।

६) बोलपत्र दाताले निर्माण स्थल र साइटको वास्तविक स्थिति बुझेर बोलपत्र सम्बन्धि फाराम भरी दाखिला गरेको मानिनेछ ।

७) बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि बाहेक को दर स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गनुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

८) बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट वा विदा पछि अदालत खुलेको दिन सोहि समयमा बिक्रि दर्ता वा खोल्ने काम गरीने छ ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

१०) बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस प्यूठान जिल्ला अदालतमा सम्पर्क राख्न सकिनेछ ।

११) प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको बोलपत्रमा कारबाही गरिने छैन ।

१२) निर्माण कामको भुक्तानी यस प्यूठान जिल्ला अदालतमा र प्राप्त वार्षिक बजेटको परिधि भित्र रहि भुक्तानि गरिने छ ।

१३) पूर्व बोलपत्र बैठक मिति २०७४।०१।११ गते दिन दिनको १.०० बजे यस प्यूठान जिल्ला अदालतमा हुनेछ ।

१४) संयुक्तउपक्रम (Joint Venture) को माध्यमबाट काम गर्ने बोलपत्रदाताले संयुक्त लगानी सम्बन्धि सम्झौता पत्र पेश गर्नु पर्नेछ र संयुक्त उपक्रममा बढिमा ३ फर्मले संयुक्त रुपमा बोलपत्रमा भाग लिन सक्ने छन् । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनु पर्ने छ ।

१५) बोलपत्र फाराम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

१६) बोलपत्रदाताले **E. Procurement** मार्फत **www.bolpatra.gov.np** मा गई बोलपत्र (Tender) download गरी बोलपत्र प्रस्ताव पेश तथा दर्ता गर्न सक्ने छन ।

१७) कुनै बोलपत्रदाताले ई सब्मिसन बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संसोधन गर्न चाहेमा उक्त कार्य ई सब्मिसन प्रकृयाबाट नै गर्नु पर्ने छ । यस्ता बोलपत्र फिर्ता वा संसोधन को लागि निवेदन (हार्ड कपि) पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन ।

१८) ई सब्मिसनको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संसोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा चौविस घण्टा अगावै सिलबन्दि निवेदन दिनु पर्नेछ ।

१९) ई सब्मिसनको हकमा बोलपत्र खरिद दस्तुर बापतको रकम यस प्यूठान जिल्ला अदालतको कार्यालय कोड नं ५९/२०४/०१ राजस्व शिर्षक नं १४२२७ उल्लेख गरी नेपाल बैंक लिमिटेड प्यूठान (बैंक कोड नं ११००१०४७) शाखामा रहेको को.ले.नि.का. प्यूठान (५९/३०५/०१) को खाता नं. क १-१-००१ मा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ । सो भौचरमा निर्माण व्यवसायिको नाम, ठेगाना र खरीद नं. स्पष्ट संग उल्लेख गरेको हुनु पर्ने छ । साथै उक्त रकम बोलपत्र खरीद गर्ने अन्तिम दिन कार्यालय समय भित्र सम्बन्धित खातामा जम्मा भएको हुनु पर्नेछ र अन्यथा मान्य हुने छैन ।

**तपसिलः**

| सि.नं | खरिद नं. | कामको विवरण | खरिद प्रकृया को किसिम | कूल ल.ई.रकम रु. (कन्टिन्जेन्सी र VAT बाहेक) | धरौटि रकम रु | बोलपत्र खरिद दस्तुर (रु. ) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | District Court/Pyuthan/Works/NCB/01-073/74 | प्यूठान जिल्ला अदालतमा न्यायधीश आवास भवन निर्माण, खलंगा, प्यूठान | National Competitive Bidding Contract – **Single Stage, Single Envelope Bidding procedures** | १,११,१५,२२७८५ | ३,५०,०००। | ३०००/- | २०७४/०१/२० ( कार्यालय समय भित्र) | २०७४/०१/२१ ( दिनको १२.०० बजे भित्र) |

फोन नं: ०८६-४२००५१ फ्याक्स नं: ०८६-४२००५१ ई मेल : infodcpyuthan@dcourt.gov.np

०७३।१२।२२

श्रेस्तेदार